वीरेन्द्रनगर नगरपालिका

# स्थानीय राजपत्र

भाग : २ खण्डः ८ संख्याः १० मितिः २०८२/१२/२६

## पर्यटकीय तथा दर्शनीय स्थल व्यवस्थापन कार्यसूची, २०७८ (प्रथम संशोधन, २०८२)

१. यस व्यवस्थापन कार्यसूचीको नाम पर्यटकीय तथा दर्शनीय स्थल व्यवस्थापन मापदण्ड, २०७८ को पहिलो संशोधन, २०८२ रहेको छ ।

२. मुल कार्यसूचीको पृष्ठभूमिमा देहाय बमोजिमको खण्ड थप गरिएको छ ।

"व्यक्ति, संस्था वा निजी क्षेत्र समेतले सञ्चालन गर्ने वा सञ्चालन गरेका पार्क तथा पर्यटकीय क्षेत्रको व्यवस्थापन गर्न वाञ्छनीय भएकाले"

३. मुल कार्यसूचीको दफा २ मा देहायको खण्ड थप राखिएको छ।

"निजी क्षेत्रले सञ्चालन गर्ने पार्कहरु र साहसिक तथा मनोरन्जनात्मक स्थलहरु"

४. मुल कार्यसूचीको दफा ३ (ङ) मा थप गरि देहायको खण्ड राखिएको छ ।

"निजी क्षेत्रले सञ्चालन गर्ने पार्क र साहसिक तथा मनोरन्जनात्मक स्थलहरु नगर क्षेत्रभित्र विभिन्न निजी क्षेत्र, व्यक्ति, संस्था वा निकायले आफ्नो स्वामित्वमा रहेको वा बहालमा लिइएको जमिन वा जमिनमा कुनै संरचना निर्माण गरी नगरको समग्र पर्यटन क्षेत्रको विकास, प्रवर्द्धन र राजश्व योगदानमा प्रत्यक्ष सहयोग गर्ने उद्देश्य लिइ पार्क, साहसिक तथा मनोरन्जनात्मक स्थल सञ्चालन गर्न चाहेमा देहायका शर्तको पालना गर्नुपर्नेछ ।"

(क) पार्कभित्र कम्तिमा चालिस प्रतिशत क्षेत्र पद मार्ग सहित खुला, हरियाली, बाल क्रिडा स्थल तथा फलफूल बगैचा कायम गर्ने ।

(ख) पार्क स्थलमा आउने पर्यटकको संख्यात्मक विवरण सहितको प्रतिवेदन मासिक रुपमा नगरपालिकाको राजश्व शाखा समक्ष पेस गर्ने ।

(ग) प्रवेश शुल्क वाफत स्वदेशी पर्यटकको हकमा रु.२० र विदेशीको हकमा रु.५०मात्र लिनुपर्ने । प्रवेश शुल्क वापतको टिकट स्वयं सञ्चालकले छपाइ गरे पश्चात् राजश्व शाखाबाट प्रमाणित र अभिलेखीकरण गरी लिनुपर्नेछ । प्रमाणित नगरिएका टिकट प्रयोगं गर्न पाइनेछैन । प्रवेश शुल्क वाफत संकलन भएको रकमको ५ प्रतिशत रकम मनोरन्जन कर वापत मासिक रुपमा नगरपालिकामा बुझाउनुपर्नेछ ।

(घ) यस नगरपालिकाको वडा नं.१३ देखि १६ भित्रका उपत्यका बाहिरका वडाहरुमा सञ्चालन हुने पार्कको हकमा र स्केटिङ्ग खेल, बालमैत्री साहसिक तथा मनोरन्जनात्मक खेलहरुको हकमा

प्रवेश शुल्क वापत स्वदेशी पर्यटकको हकमा रु.५० र विदेशीको हकमा रु.१०० मात्र लिनुपर्नेछ।

(ङ) पार्कमा आउने पर्यटकको सामूहिक बिमा गर्नुपर्नेछ । अनुमति प्राप्त क्षेत्रभित्र सार्वजनिक शान्ति र सौहार्दता कायम गर्ने दायित्व स्वयं व्यवसायीको हुनेछ।

(च) पार्क सञ्चालन तथा व्यवस्थापनको अन्तिम दायित्व व्यवसायी स्वयंको हुनेछ । पार्क सञ्चालन गरेको आधारमा व्यवसायीलाई कुनै छुट तथा सुविधा उपलब्ध हुने छैन । अनुमति दिएको आधारमा नगरपालिकाको कुनै पनि थप आर्थिक दायित्व सिर्जना हुने छैन।

(छ) पार्क भित्र कुनै स्थायी वा अस्थायी भौतिक संरचना निर्माण गर्नुपूर्व प्रचलित कानुन बमोजिम नगरपालिकाको पूर्वस्वीकृति लिनुपर्नेछ ।

(ज) कुनै साहसिक खेल तथा मनोरन्जनका गतिविधि सञ्चालन गर्नुपूर्व प्रचलित कानुन बमोजिम कुनै निकायबाट अनुमति प्राप्त गर्नुपर्ने भएमा सो लिए पश्चात् मात्र नगरपालिकाबाट सोको सञ्चालन अनुमति उपलब्ध हुनेछ ।

(झ) सञ्चालन अनुमति हरेक आर्थिक वर्षमा नवीकरण गर्नुपर्नेछ।

(ञ) पार्क भित्र खानेपानी र फोहोरको उचित प्रबन्ध गर्नुपर्नेछ ।

(ट) उपभोक्ता हितको प्रतिकूल हुने गरी कुनै खाद्य सामाग्री साथै वस्तु तथा सेवाको विक्री वितरण गर्न पाइने छैन ।

आज्ञाले
लक्ष्मी प्रसाद बास्कोटा
प्रमुख प्रशासकीय अधिकृत